# हबकूकको पुस्तक

### हबकूक द्वारा परमेश्वरलाई उजूरी

१ यो यही वचन हो जुन हबकूक अगमवक्तलाई
दिइएको थियो।
२हे परमप्रभु, म निरन्तर तपाईं संग सहायता मागी
रहेकोछु। तपाइले मेरो बिन्ति कहिले सुन्नु हुन्छ? म यो
उपद्रवको कारण तपाईं संग पुकार गरिरहेछु, तर
तपाईंले यस विषयमा केही पनि गर्नु भएन? ३मानिसहरूले
सामानहरू लुट्छन् अनि अरू मानिसहरूलाई चोट
पुऱ्याउँछन्। मानिसहरू लड़ाईं अनि झगड़ा गरिरहेकाछन्।
किन तपाईंले मलाई यस्तो भयानक कुराहरू देखाउनु
हुँदैछ। ४व्यवस्था कानून व्यर्थ भई सकेकोछ अनि
मानिसहरूको न्याय गर्दैनन। दुष्टहरूले धर्मीहरूलाई
लड़ाइँमा जितिरहेछन्। यसकारण, न्याय निष्पक्ष छैन।
न्यायले जित्दैन।

### हबकूकलाई परमेश्वरको उत्तर

५परमप्रभुले उत्तर दिनुभयो, "अन्य जातिहरूलाई हेर,
तिनीहरूलाई हेरेर छक्क पर्नेछौ! म तिम्रो जीवनकालमा
यस्तो गर्नेछु त्यसले तिमीलाई छक्क पार्नेछ। तिमीले
यसलाई हेर्नु पर्छ अनि विश्वास गर्नु पर्छ। यदि
तिमीलाई यस विषयमा बताए ता पनि तिमीले विश्वास
गर्ने छैनौ।
६म बाबेलका मानिसहरूलाई शक्तिशाली बनाउँनेछु।
तिनीहरू नीच अनि एकदमै शक्तिशाली लड़ाकुहरू छन्।
तिनीहरू पृथ्वीका सबै ठाउँमा छरिनेछन् अनि अघि
बढ़िरहनेछन्। तिनीहरूले त्यो घरहरू अनि शहरहरूमा
दखल गर्ने छन् जुन तिनीहरूका होइनन्। ७कल्दी
मानिसहरूले अन्य जातिहरूलाई भयभीत पार्ने छन्।
कल्दी मानिसहरू आफूले जे सोच्दछन् त्यही गर्नेछन्,
अनि जहाँ जान इच्छा लाग्छ त्यही जानेछन्। ८तिनीहरूका
घोड़ाहरू चितुवा भन्दा पनि छिट्टो दौड़ने हुन्छन। अनि
सूर्य अस्ताए पछि निस्कने ब्वाँसाहरू भन्दा पनि डर
लाग्दा हुन्छन्। उनीहरूका घोड़सवार सैनिक सुदूर
स्थानबाट आउँछन्। तिनीहरूले तिनीहरूको शत्रुमाथि
यस्तो आक्रमण गर्छन जस्तो कि आकाशबाट चील
शिकारमाथि हानिन्छ। ९तिनीहरू सबै लड़ाइ गर्न उत्सुक
छन्। तिनीहरूका सैन्य मरुभूमिको हुरी जस्तै छिटो
अघि बढ्छन्। बाबेलका सेनाहरूले धेरै कैदीहरूलाई,
जो बालुवाको कण जस्तै गनी नसक्ने संख्यामा टाड़ा
लैजाने छन्।
१०"तिनीहरूका सैनिकरूले अन्य देशका राजाहरूको
हाँसो उड़ाउनेछन्। अन्य देशका राजाहरू उनीहरूका
निम्ति तमाशा बन्नेछन्। तिनीहरूको सैनिकहरू अग्लो
किल्ला भएको शहरमा गएर हाँस्नेछन् किनकि ती
सैनिकहरूले माटोको दलदल परेको बाटो बनाएर
तिनीहरूलाई सजिलै हराउँनेछन्। ११फेरि उनीहरू अर्को
स्थानमा युद्धका निम्ति पहिलो स्थान छोड़ेर आउनेछन्
जसरी आँधी आउँछ अनि अघाड़ी बढ़ेर जान्छ, कल्दी
मानिसहरू आफ्नो शक्तिको पूजा गर्नछन्।"

### परमेश्वरलाई हबकूकको दोस्रो उजुर

१२हबकूकले फेरि भने, "हे परमप्रभु, तपाईं अमृत
हुनुहुन्छ, परमप्रभु तपाईं मेरो परमपवित्र परमेश्वर
हुनुहुन्छ जो कहिल्यै मर्नु हुँदैन। हे परमप्रभु! तपाईंले
बाबेलका मानिसहरूलाई न्याय गराउन सृष्टि गर्नु भयो।
हे हाम्रो चट्टान! तपाईंले अरु राष्ट्रहरूलाई सजाय दिन
तिनीहरूलाई नियुक्त गर्नुभयो।
१३तपाईंको आँखाहरूले दुष्ट कुरा हेर्न सक्तैनन्।
तपाईंले ती मानिसहरूले पाप गरिरहेका हेर्न सक्नु हुन्न।
यसकारण तपाईंले ती पापीहरूको विजय कसरी हेर्नु
हुन्छ? दुष्टहरूले धर्मी मानिसहरूलाई जितेको देख्दा
तपाईंले प्रतिक्रिया किन गर्नु हुन्न?
१४"तपाईंले मानिसहरूलाई यस्तो बनाउनु भयो जस्तो
समुद्रमा अनगन्ती माछाहरूछन, तिनीहरू समुद्रको जीव
जन्तु जस्तै छन् जसको कुनै शासक छैन्।"
१५शत्रुहरूले तिनीहरूलाई बल्छी अनि जाल लगाएर
पक्रिन्छन्। तिनीहरूले तिनीहरूलाई जालमा पक्रिन्छन
अनि शुत्र त्यसरी पक्रिएकोमा एकदमै खुशी हुन्छन्।
१६बल्छी अनि जालले माछा मार्छ त्यसको कामाईले
उसलाई मिठो खान र धनी हुन सहायता गर्छ।
यसकारण ती शुत्रहरूले जालहरूको पूजा गर्छन्।
तिनीहरूले जालका निम्ति बलिदान चढ़ाउँछन् अनि ती
चीजहरूको सम्मानमा धूप जलाउँछन्।
१७के यसरी तिनीहरू आफ्ना जालहरूले धन कमाई
रहनेछन्? के तिनीहरू लगातार कुनै दया नदेखाई
मानिसहरूलाई ध्वंश पारिरहने छन्?
२ "म एउटा प्रहारी झैं उभिन्छु र हेर्छु। परमप्रभुले
मलाई के भन्नु हुन्छ म पर्खेर सुन्नेछु। म प्रतिक्षा
गर्नेछु अनि म जान्नेछु कि उहाँले मेरो प्रश्नको के
उत्तरहरू दिनुहुन्छ।"

## हबकूकलाई परमेश्वरको जवाफ

२परमप्रभुले मलाई उत्तर दिनुभयो, "तिमीलाई जुन
कुरा दर्शाउँछु त्यसलाई राम्रोसित लेख। यो बचन सफा
र प्रष्ट संग लेख कारण अरू मानिसहरूले पनि हेरर
पढ़न सकुन्। ३यो समाचार त्यो एउटा विषेश भविष्यको
विषयमा छ। यो समाचार अन्तको समयको विषयमा हो
अनि यो सत्य हुन आउँनैछ। यस्तो लाग्नेछ त्यस्तो समय
कहिल्यै आउँनैछैन। तर धीरजसंग त्यसको समय प्रतिक्षा
गर। त्यो समय आउनेछ त्यो आउन ढिलो लाग्नेछैन्।
४यो समाचारले ती मानिसहरूलाई सहायता गर्ने छैन
जसले यसमाथि कान थाप्न अस्वीकार गर्नेछन्। तर
धर्मी मानिसहरूले यो समाचारमाथि विश्वास गर्नेछन्
अनि तिनीहरूलाई आफ्नो विश्वासको कारणले बाँच्न
दिइनेछ।"

५परमेश्वर भन्नुहुन्छ, "दाखरसले मानिसलाई धोखा
दिन सक्छ त्यस्तै प्रकाले एउटा शक्तिशाली मानिसको
घमण्डले उसलाई मूर्ख बनाउँछ। त्यो मानिसले शान्ति
पाउनेछैन्। उ एउटा मृत्यु जस्तै हो-उसले सधैं धेरै धेरै
इच्छा गर्छ। मृत्यु झैं उ कहिल्यै पनि तृप्त हुदैनँ।
उसले अर्को देशहरूलाई सधैँ हराई रहनेछ। उसले
अन्य सबै राष्ट्रहरूलाई कैदी जस्तै लगिरहनेछ। ६निश्चय
नै यी मानिसहरूले उसको हाँसो उड़ाउनेछन् अनि
भन्छन, 'अर्काको धन खोसेर धनी हुनेलाई धिक्कार
होस्, त्यसले कहिल्यै सम्म त्यसो गर्छ? त्यसलाई
धिक्कार होस् जो अर्काको धन खोसेर धनी हुन्छ।'

७"हे मानिस, तिमीले मानिसहरूको धेरै धन खोसेका
छौ। जे जति भइरहेछ त्यसको विरोधमा एक दिन ती
मानिसहरू उठ्नेछन्। उनीहरूले चाल पाउने छन् अनि
तिम्रो विरोधमा खड़ा हुनेछन्। त्यस समय तिनीहरूले ती
सबै कुराहरू तिमीबाट लिनेछन्। अनि तिमी भयभीत
हुने छौ। ८तिमीले धेरै देशहरू लुट्यौ। तर बाँकी
रहेका जातिहरूले तिमीलाई लुट्नेछन्। तिमीले धेरै
मानिसहरूको हत्या गर्‍यौ तिमीले खेतहरू र शहरहरू
नष्ट पार्‍यौ र बासिन्दाहरूलाई मार्‍यौ। ९हो, जो
मानिसले नराम्रो कर्म द्वारा धन कमाउँछ, उमाथि नराम्रो
कुराहरू हुनेछ। सुरक्षासित बाँच्नको लागि उसले त्यसो
गर्छ। उसले सोच्छ कि अरु मानिसहरूले उसको धन
लुटन सक्तैन, तर नराम्रो कुराहरू उमाथि घट्नेछ।

१०"तिमीले धेरै मानिसहरूको सर्वनाशको योजना
बनाएर राखेको छौ। तर ती योजनाहरूले तिम्रो घरमा
लाज-ल्याउनेछन्। तिमीले दुष्टयाँई गर्‍यौ यसकारण
तिमीले तिम्रो जीवन गुमाउनेछस्। ११तिम्रो घरको
पर्खालहरू तिम्रो विरुद्धमा चिच्याई चिच्याई बोल्नेछन।
तिम्रो घरका काठका घामहरूले पनि तिम्रो दुष्ट्याँईको
गवाई दिनेछ कि तिमीले दुष्ट कार्य गर्‍यौ। १२ती दुष्ट
शासकहरूलाई नराम्रो हुनेछ जसले निर्दोष मानिसहरूलाई
मारेर शहरहरूको निर्माण गर्छन अनि दुष्टाँईद्वारा शहरहरू
स्थापित गर्छन् तिनीहरूलाई नराम्रो हुनेछ। १३सर्वशक्तिमान
परमप्रभुले निर्णय लिनुभएको छ कि ती मानिसहरूले
निमार्ण गरेका शहरहरू सबै आगोले जलाएर खरानीमा
परिणत गर्ने। तिनीहरूको सबै मेहनत बेकामको भएर
जानेछ। १४तब सबैतिर मानिसहरूले परमप्रभुको महिमा
जान्नेछन् अनि यो खबर समुद्रमा पानी जसरी फिजिन्छ
त्यसरी नै फिजिनेछ। १५हाय! तिमीलाई हेर! जसले
आफ्ना साथीहरूलाई तिनीहरूलाई घर्खराउञ्जेल र चूर
भई मातेर लड़े झैं नहुञ्जेल सम्म कुरछौ र जब
तिनीहरू नाङ्गो लड्छन तब हेर्छौ।*

१६"तर त्यसलाई परमप्रभुको क्रोधको विषयमा ज्ञान
हुन्छ। त्यो क्रोध विष को एउटा बोटुको समान हुन्छ
जुन परमप्रभुले आफ्नो दाहिने हातमा लिनु भएकोछ।
त्यस मानिसले त्यो क्रोधको विष चाख्नु पर्छ। तब त्यो
कुनै मातेको मानिस जस्तै मैदानमा लड़नेछ।

"हे दुष्ट शासक तिमीले विष को त्यो बोटुको
पिउनेछौ। तिमीले इज्जत होइन लाज पाउँनेछौ।
१७लबानोनमा तिमीले धेरै मानिसहरूको हत्या गरेको
छौ। तिमीले त्यहाँ धेरै पशुहरू लुटेको छौ। तिमीले
लबानोनमा गरेको हिँसाले तिमीलाई अत्याउनेछ। तिम्रो
पशुहरू अनि मानिसहरूको वृहत हत्याले तिमी भयले
आघातित हुनेछस्। ती शहरहरू अनि त्यहाँका
मानिसहरूलाई नराम्रो काम गरेकोले तिमी डराउँने छौ।"

## मूर्तिहरूको विषयमा समाचार

१८उसका झूटो देवताले उसलाई बचाउन सक्तैंन।
किनकि त्यो त एउटा मानव निर्मित मूर्ति मात्र हो, जो
धातुले मोहरेर बनाइएकोछ। यसकारण मूर्ति निमार्ण-कर्तले
यसबाट सहायता पाउने अपेक्षा गर्न सक्तैंन। त्यो मूर्ति
बोल्न सक्तैंन। १९जसले एउटा काठको मूर्तिलाई भन्छ,
"हे देवता जाग उठ!" उसलाई अत्यन्तै नराम्रो हुनेछ।
त्यो मानिसलाई धिक्कार जसले एउटा ढुङ्गाको मूर्ति जो
बोल्न सक्तैन त्यसलाई भन्छ, "हे परमेश्वर! उठ,
जाग।" त्यो मूर्तिले सहायता गर्न सक्दैन अथवा मार्ग
दर्शन् दिन सक्तैन। मूर्ति सुन अथवा चाँदी द्वारा
मोहोरिएको छ, तर त्यसभित्र जीवन छैन्।

२०तर परमप्रभु, मूर्ति भन्दा भिन्दै हुनुहुन्छ। परमप्रभु
उहाँको पवित्र मन्दिरमा बस्नुहुन्छ। यसकारण परमप्रभुको
सामुने सम्पूर्ण पृथ्वी चुप बसेर उहाँ प्रति सम्मान प्रकट
गर्नु पर्छ।

## हबकूकको प्रार्थना

**३** शिग्गिओनोथ* रागमा हबकूक अगमवक्ताले प्रार्थना
गर्छन्।

---

**हाय … हेर्छौ** जुन व्यक्तिले आफ्नो साथीहरूलाई दाखरसमा
विष थपेर मताउँछ अनि तिनीहरूको नाङ्गो अवस्था हेर्छ त्यो
अत्यन्तै नराम्रो हुनेछ।

२हे परमप्रभु, मैले तपाईंको विषयमा सुनें अनि आश्चर्यले पूर्ण भए। हे परमप्रभु! विगतमा जुन महान कार्यहरू गर्नुभयो म त्यसमा छक्क परें। अब म तपाईंलाई हाम्रो समयमा पनि यस्तो महान कार्यहरू गर्न होस् भनी प्रार्थना गर्छु। म तपाईंसित बिन्ती गर्छु कि यो हाम्रो दिनहरूमा ती कुराहरू हुन दिनुहोस् तर जब तपाईं क्रोधित हुनुहुन्छ तब पनि हामीमाथि दया देखाउँनु याद राख्नु होस्।

३परमेश्वर तेमानबाट आउँनु हुँदैछ। पारान पर्वतबाट एक पवित्र आउँनु हुदैछ आकाशमा उहाँको महिमाले स्वर्ग ढाक्यो, अनि पृथ्वी उहाँको प्रशंसाले भरियो।

४उहाँको गौरव चम्कन्छ। उहाँको हातबाट ज्योतिको किरणहरू निस्कियो अनि ती हातहरूमा उहाँको शक्ति लुकेको छ।

५उहाँको अघि रूढ़ी फैलिँदै गयो अनि विनाशक उहाँको पछि-पछि गयो।

६परमप्रभुले उभिएर पृथ्वीको नाप गर्नु भयो। उहाँले सबै जातिका मानिसहरूलाई तीव्र दृष्टिले हेर्नु भयो र तिनीहरू डरले काम्न थाले अनि प्राचीन पहाड़हरू ढलेर टुक्रा-टुक्रा भएर फुटे। अति प्राचीन पहाड़हरू ढले परमेश्वर सदा यस्तै हुनुहुन्छ।

७मैले कूशनका शहरहरूलाई संकष्टमा परेको देखें। मैले मिद्यानका घरहरू डरले कामिरहेको देखें।

८हे परमप्रभु, के तपाईं नदीहरूको विरुद्धमा क्रोधित हुनुभयो? के समुद्र तपाईंको क्रोधको पात्र बन्यो? के खोलाहरू प्रति तपाईं क्रोधित हुनुभयो जब तपाईंको विजयमा घोड़ाहरू अनि रथहरूमा सवार हुनु भयो, के तपाईं क्रोधित हुनुहुन्थ्यो?

९तैपनि तपाईंले तपाईंको इन्द्रधनुष देखाउँनु भयो। यो तपाईंको पृथ्वीको परिवारहरूका निम्ति प्रमाण थियो तपाईंले पृथ्वीलाई नदीहरूले छुट्याउनु भयो।

१०तपाईंलाई देखेर पहाड़हरू काम्न थाले; पानीले पृथ्वीमा बग्न शुरु गर्‍यो। जब गहिरो समुद्र भूमिबाट झर्‍यो यसले ठूलो हल्ला गर्‍यो।

११सूर्य अनि चन्द्रमाले आफ्नो प्रकाश दिन छाड़्यो। जब तिनीहरूले तपाईंको उज्वल प्रकाश देखे, तिनीहरूले तिनीहरूको प्रकाश दिन बन्द गरे। त्यो बिजुली चम्किएको हावामा हिर्काएको भालाहरू अथवा काँड़हरू जस्तै थियो।

१२क्रोधमा तपाईं पृथ्वीमा हिड़्नुभयो, अनि देशहरूलाई दण्ड दिनुभयो।

१३तपाईं आफैले आफ्नो मानिसहरूलाई बँचाउनु आउनु भयो। जसलाई तपाईंले विजयी बनाउनु रोज्नु भएको थियो त्यो राजालाई अगुवाई गर्नु आफै आउनु भयो। पृथ्वीको महत्वपूर्ण परिवारदेखि लिएर परिवारका प्रत्येक दुष्ट अगुवालाई तपाईंले मार्नु भयो।

१४शत्रुका सेनाहरू जसले हामीलाई शक्तिशाली आँधीले झैं पछ्याए। हामीलाई मार्ने चेष्टा गरे तिनीहरूलाई रोक्न तपाईंले मोशाको लौरो प्रयोग गर्नु भयो। गुप्त रूपले गरीबलाई लुटे झैं तिनीहरूले सोचे कि हामीलाई सजिलै जित्न सक्नेछौं।

१५तर तपाईं गहिरो समुद्रमा तपाईंको आफ्नै घोड़ाबाट माटोलाई घोल्दै तर्नु भयो। माटोलाई घोल्दै तर्नु भयो।

१६मैले यी कुराहरू सुनें, अनि मेरो शरीर काम्न थाल्यो। मैले जोड़संग सुस्केरा हालें। मैले मेरो हड्डीहरू एकदमै कमजोरी भएको अनुभाव गरें। म त्यहाँ थर थर काम्दै उभिरहे। यसकारण जब शत्रुहरू मानिसहरूलाई आक्रमण गर्न आउँछन् म विनाशको दिन धैर्यता साथ पर्खिरहनेछु।

**परमप्रभुमा संधै आनन्दित बस**

१७चाहे नेभाराको रूखहरूमा फल लागोस् अथवा नलागोस्, दाखको बोटमा फलहरू लागोस् अथवा नलागोस् भद्राक्षको बोटमा फल लागोस् या नलागोस् अन्न भूमिमा उमियोस् अथवा नउम्रियोस् खोरहरूमा केही भेड़ाहरू होस् अथवा नहोस् गोठहरूमा केही गाईहरू होस् अथवा नहोस्।

१८तर म अझै परमप्रभुमा आनन्दित रहने छु। म मेरो उद्धारकर्ता परमेश्वरमा रमाउनेछु।

१९परमप्रभु जो मेरा मालिकले मलाई बल दिनुहुन्छ, उहाँले मलाई हरिण जस्तै दगुर्नमा सहायता गर्नुहुन्छ। उहाँले मलाई सुरक्षासंग पहाड़मा चढ़ाउनु हुन्छ।

*संङ्गीत - निर्देशकको निम्ति मेरो*
*तार - वाद्यहरूमा बजाइने राग।*

---

**शिग्गिओनोथ** एक किसिमको भजन हो!

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html